विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७५५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-०५ ● २०८१ भाद्र ०३ गते सोमबार, ● 19 August, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## दिवा खाजाका लागि घाटदेवी स्कूललाई जनजागरणको सहयोग



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर २ को घाटदेवी आधारभूत विद्यालयलाई ३४ हजार ८ सय ६० रूपैयाँ सहयोग पाएको छ । बर्खे बिदामा समेत बिद्यालय नियमितरूपमा सञ्चालन गरेको घाटदेवीलाई २ नम्बर वडामै सक्रिय जनजागरण समाजले उक्त नगद सहयोग गरेको हो । विद्यालयका विद्यार्थीहरूलाई दिवा खाजाको ब्यवस्थापन गर्न सहयोग गरिएको समाजका सहसंयोजक माधव कार्कीले जानकारी दिए ।

३२ साउनमा विद्यालयमा आयोजना गरिएको कार्यक्रममा समाजको तर्फबाट विद्यालयलाई रकम हस्तान्तरण गरिएको हो । सहयोग रकम हस्तान्तरण कार्यक्रममा विद्यालयको शैक्षिक गुणस्तर बढाउनको लागि नियमानूसार नगरपालिकाले निर्धारण गरेको बिदाको समयमा पनि विद्यालय सञ्चालन गरिएको बिद्यालयका प्रधानाध्यापक दिपक कार्कीले बताए । उनले विद्यालयका बिद्यार्थीहरूका लागि दिवा खाजा ब्यवस्थापनका लागि जनजागरण समाजको आर्थिक सहयोग महत्वपूर्ण भएको बताए ।

जनजागरण समाजको वि.सं. २०७९ मा स्थापना भएको हो । सरकारले कक्षा ५ सम्म अध्ययन गर्ने बिद्यार्थीहरूका लागि प्रति विद्यार्थी १५ रूपैंयाको दरले प्रत्येक बर्ष १ सय ८० दिन बराबरको रकम विद्यालयलाई उपलब्ध गराउने बताउँदै विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष बिरबहादुर तामाङ्ले प्राप्त हुने रकम पर्याप्त नहुँदा समाजले गरेको आर्थिक सहयोगले खाजा व्यवस्थापनमा सहज हुने बताए । विद्यालयले वार्षिक २ सय २० भन्दा बढी दिन बिद्यालय खुल्ने र उक्त दिन नियमित रूपमा बिद्यार्थीहरूलाई खाजा खुवाउने समेत अध्यक्ष तामाङ्ले बताए ।

रकम हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिका वडा नंम्बर २ का अध्यक्ष बमबहादुर सिन्तानले सामुदायिक शिक्षाको गुणस्तर वृद्धिका लागि विद्यालयको मेहनत महत्वपूर्ण भएको बताए । उनले विद्यालयलाई जनजागरण समाजले गरेको सहयोगले शैक्षिक विकासमा सहयोगी हुने बताउँदै समाजको सकारात्मक विकासका लागि शैक्षिक जनशक्तिको महत्वपूर्ण भूमिका रहने समेत अध्यक्ष सिन्तानको भनाइ थियो ।

कार्यक्रममा जागरण समाजका सहसंयोजक माधव कार्की, सचिव बिकेशबाबु बस्नेत, पालुङगढी संरक्षण समितिका अध्यक्ष अजय कार्की, पालुङ जेसीज बर्ष २०२४ का उपाध्यक्ष नारायण कार्की लगायत बिद्यालयका शिक्षक, विद्यार्थीको उपस्थिति रहेको थियो । विद्यालयमा बालविकास केन्द्र सहित कक्षा ८ सम्म १ सय २८ जना बिद्यार्थी अध्ययनरत छन् ।

थाहा नगरपालिकाले पालिकाका सामुदायिक विद्यालयहरूमा साउन १३ गतेदेखि भाद्र ३ गतेसम्म वर्षे बिदा निर्धारण गरेको छ । तर घाटदेवीले उक्त विदामा समेत बालबालिकालाई अध्यापनको व्यवस्था मिलाई नियमित विद्यालय संचालन गरिरहेको छ ।

## थाहाको तरकारी चन्द्रागिरिमा

# उत्पादक र उपभोक्ताको बल्ल भो भेट !

विकास संवाददाता
थाहानगर



१ भाद्र, शनिबार चन्द्रागिरि-१४ र आसपासका उपभोक्ताहरूले थाहानगरमा उत्पादित तरकारी चन्द्रागिरि-१४ वडा कार्यालयले व्यवस्था गरेको स्टलमा निकै सस्तोमा खरिद गरिरहेका थिए । स्थानीय उपभोक्ताले माछे खुर्सानी प्रति किलो रू. ७०, बुलेट खुर्सानी प्रतिकिलो रू. ८०, बन्दा प्रतिकिलो रू. ६५ र भेडे खुर्सानी रू. ७० मा किनिरहेका थिए । काउलीको मूल्य प्रतिकिलो रू. ८५ थियो । तरकारी खरिद गर्न आएका उपभोक्ताहरूले अन्य बजारको तुलनामा चन्द्रागिरि-१४ बन्थोकको हाटमा निकै सस्तोमा तरकारी पाएको बताए ।

थाहा नगरपालिकाका कृषकले उत्पादन गरेको तरकारी चन्द्रागिरि नगरपालिकाका उपभोक्ताले सिधै खरिद गर्न सक्नेगरी व्यवस्था मिलाउने प्रयास गरिएको छ । प्रारम्भमा थाहा नगरपालिका वडा नंम्बर ३ र चन्द्रागिरि नगरपालिका वडा नंम्बर १४ बीच सम्बन्ध स्थापित गरी किसानको खेतदेखि उपभोक्ताको भान्छासम्म तरकारी उपजलाई सिधै जोड्ने प्रयास गरिएको हो ।

चन्द्रागिरि नगरपालिकाका नगरप्रमुख घनश्याम गिरीले १४ नंम्बर वडाको विक्री केन्द्रमै पुगेर केही तरकारी किने । त्यस क्रममा उनले भने, 'यो निकै राम्रो काम हो, विदेशमा मैले यसबारे अध्ययन गरेको छु ।' कृषकले उत्पादन गरेको तरकारी उपज सिधै उपभोक्ताले खरिद गर्ने वातावरण बन्दा यसबाट उपभोक्ताको पैसा पनि बचत हुने र ताजा पनि पाइने भएकोले धेरै फाइदा हुने उनको विश्वास छ ।


चन्द्रागिरि-१४ मा वडा कार्यालयको आयोजनामा शनिबार एक दिनका लागि दोस्रो शहरी हाट बजार लागेको थियो । सोही हाटबजारमा थाहा नगरपालिका वडा नम्बर ३ कार्यालयले करिब दुई टन विविध तरकारी पठाएको थियो । थाहानगरबाट आएको तरकारी विक्रीका लागि चन्द्रागिरि १४ वडा कार्यालयले छुट्टै स्टलको व्यवस्था गरेको थियो । स्टलमा व्यानर र तरकारीको मूल्यसूची समेत राखिएको थियो ।

चन्द्रागिरि-१४ का वडा अध्यक्ष राजभाइ महर्जनले थाहा नगरपालिका-३ र आफ्नो वडा मिलेर कृषक र उपभोक्तालाई सिधै जोड्नेगरी एउटा परीक्षण अभ्यास गरिएको र यसबाट पाठ सिकेर अघि बढ्न दुवै वडा कार्यालय तयार रहेको बताए । 'यसबाट दुवैलाई फाइदा छ, खासगरी जनतालाई' उनले भने-'यसमा केही प्राविधिक विषयहरू हुन सक्छन्, नगरपालिका स्तरबाटै अघि बढ्नेगरी योजना बनाइरहेका छौं ।'

१ भाद्रमा आयोजित शहरी हाटबजारको अवलोकन गर्न थाहा नगर पालिका वडा नं. ३ का वडा अध्यक्ष एवम् नगरका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीको नेतृत्वमा एक टोली पुगेको थियो । टोलीसँग कुरा गर्दै चन्द्रागिरीका नगरप्रमुख गिरीले भने, 'यो

बाँकी पेज ६ मा



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## दिगो विकासको सहयोगी सामुदायिक वन

सामान्यतया सामुदायिक वन भनेको समुदायको हितको लागि सामुदायिक लगानीमा सार्वजनिक स्थानमा स्थापना भएको सानो वन जसलाई सामुदायिक वन भनेर बुझिन्छ । यसको सम्पूर्ण अधिकार समुदायमा निहित रहेको हुन्छ । सामुदायिक वनको अवधारणा सन् १९७० को दशकबाट आएको अवधारणा हो । नेपालमा सामुदायिक वनको अवधारणा सन् १९७८ मा यसको सुरुवात भएको पाईन्छ । त्यसैले सन् १९७८ लाई सामुदायिक वनका लागि महत्वपूर्ण वर्षका रुपमा मानिन्छ । नेपालमा सन १९८७ मा पहिलो पटक समुदायलाई हस्तान्तरण गरेको वन काभ्रेको पाण्डे गाउँको सामुदायिक वन हो । नेपालमा वन क्षेत्रको संरक्षण र विकास गर्न यहाँको वनलाई सामुदायिक वन, कबुलियति वन, साझेदारी वन, संरक्षित वन, नीजि वन, धार्मिक वन आदिमा वर्गीकरण गरिएको छ । नेपालमा वि.स. २०१३ सालमा नीजि वनलाई राष्टियकरण गरियो र यसको ऐन ल्याइयो नेपालमा सामुदायिक वन कार्यक्रम २०३५ देखि लागू गरियो र यसको अवधारणालाई सर्वप्रथम २०३५ देखि नै कानुनी मान्यता दिइयो । नेपालमा २०२० मा वनक्षेत्र ४५ प्रतिशत थियो भने २०३५ मा यो क्षेत्र ४० प्रतिशतमा झर्‍यो । नेपालमा साझेदारि वन जम्मा २१ वटा छन भने सामुदायिक वनको संख्या हेर्ने हो भने २१ हजार पुगिसकेका छन ।

वनलाई सामुदायिक वनमा हस्तान्तरण गर्दा स्थानीय विकास योजना स्थानीय रुपमा नैं समाधान गर्न सजिलो हुन्छ त्यो सहजता सामुदायिक वनबाट प्राप्त आम्दानीले सम्पन्न हुन्छ । सामुदायिक वनमा समुदायको सफल व्यवस्थापनले सामुदायिक वनमा आगलागी, चोरी निकासी जस्ता घटनाहरुमा समेत कमी आएको पाईन्छ । सामुदायिक वनले विपन्न वर्गका जनताहरुको जीवनलाई सहज बनाएको छ । यसले नाङ्गिएका पाखामा वृक्षारोपण गर्न सिकाएको छ, त्यसबाट घाँसपात, काठदाउरा, पानीको संकलन, जडीबुटी संकलन गर्न सहयोग पुग्नुका साथै वन्यजन्तुहरुको पनि संरक्षण भएको छ । त्यसैले समुदायलाई चाहिने आवश्यक सामाग्रीको व्यवस्थित रुपमा विचार गरी प्रर्याप्त सेवा हुने हिसाबले वनको सुरक्षा गर्नुपर्दछ । सामुदायिक वनलाई जलाधार संरक्षण, वन्यजन्तु बासस्थानको व्यवस्थापन, चरनभूमि, पर्यावरणीय पर्यटन, धार्मिक र सांस्कृतिक क्षेत्रको रुपमा विकास गर्नुपर्दछ ।

विकासमा सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय, मानवीय र व्यवस्थापनका पक्षले दिगो विकासको अवधारणालाई जनाउँदछ । जुन विनाश विनाको हुनुपर्दछ । देशका सम्पूर्ण क्षेत्रमा यसको वितरण समान नभएपनि समग्रमा वन संरक्षणमा सामुदायिक वनले उल्लेखनीय योगदान पुर्‍याएको छ । सन् १९९३ को वन ऐन पनि प्रयोगकर्ता समुदायको उत्पादन र वितरणमा निर्भर छ । प्रयोकर्ताले सामुदायिक वनबाट जडीबुटी र काठ बिक्रि गरी नगद प्राप्त गर्न सक्दछन् । त्यसरी प्राप्त भएको नगद पिउने पानी योजना, आदिवासीमा सुलभ कर्जाको व्यवस्था, सार्वजनिक कार्य, सडकको निमार्ण, स्कुल र यसको व्यवस्थापनमा प्रयोग वा खर्च गर्न सकिन्छ । यसको दिगोपनको विकासले भविष्यका पुस्ताका लागि रोजगारीको अवसर सिर्जना गर्दछ । आजको समयमा समुदायको दिगो विकासका लागि मुख्य आधार भनेको नै सामुदायिक वन हो ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# जनशक्ति आपूर्तिमा लोकसेवा आयोग



◆ भरत गौतम

### पृष्ठभूमि

राज्यको सेवा प्रवाहका लागि योग्य जनशक्ति आपूर्ति गर्न संवैधानिक अङ्गको रूपमा लोक सेवा आयोगको स्थापना भएको हो। सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन योग्य र सक्षम जनशक्तिको आवश्यकता हुने हुँदा योग्य व्यक्तिको निष्पक्ष छनोट गर्नु लोक सेवा आयोगको प्रमुख काम हो। जन अनुमोदित शासकीय व्यवस्थाको प्रभावकारिताका लागि आवश्यक जनशक्तिको छनोट गर्न तठस्थ निकायको भूमिकामा आयोग रहनु पर्छ। आयोगले स्थायी सरकारको रूपमा रहेको निजामती सेवाका लागि योग्य व्यक्ति छनोट गर्दै आएको छ।

चीनमा हान वंशको शासनकालमा लिखित परीक्षा लिइ कर्मचारी छनोट गरिन्थ्यो। बेलायतमा फल्टुन कमिटीको प्रतिवेदनबाट सन् १८५५लोक सेवा आयोगको स्थापना पछि कर्मचारी भर्ना गरिन थालियो। सयुक्त राज्य अमेरिकामा पेडल्टन सिभिल सर्भिस रिफर्म एक्ट सन् १८८३ पछि योग्यता प्रणालीको लागि लोक सेवा आयोगको व्यवस्था गरियो। मित्र राष्ट्र भारतमा गभरमेन्ट अफ इन्डिया एक्ट पछि सन् १९३७ मा संघीय लोक सेवा आयोग  र प्रदेश लोक सेवा आयोग गठन भए।

नेपालको वैधानिक कानुन २००४ मा दरखास्त परिषद् कल्पना गरिएको थियो। वि स २००८मा पब्लिक सर्भिस कमिसन पछि संवैधानिक अङ्गको रूपमा लोक सेवा आयोग गठन गरियो। बि स २०७२ मा निजामती सेवाका कर्मचारी, सुरक्षा निकाय र नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी लगानी भएका संस्थानमा समेत कर्मचारी छनोट गर्ने जिम्मेवारी पाएको छ। संघीय संरचनामा प्रदेश तहका र स्थानीय तहका कर्मचारी छनोट गर्न प्रदेश तहमा लोक सेवा आयोगको व्यवस्था गरिएको छ।

राज्यका लागि आवश्यक कर्मचारी छनोट गर्नु र सबै वर्ग जातिको  छनोटमा पहुँचको रहनु लोक सेवा आयोगको सबल पक्षको रूपमा हेरिएको छ।

### नीतिगत व्यवस्था

लोक सेवा आयोगले निष्पक्ष भइ बढी भन्दा बढी सहभागिताबाट योग्य कर्मचारी छनोट गर्नु आयोगको मुख्य कर्तव्य हो। बि स २००७ पछि निष्पक्ष रूपमा कर्मचारी नियुक्ति गर्न जिम्मेवारी पाएको आयोगलाई नेपालको संविधान २०७२ भाग २३ मा  थप जिम्मेवारी सहित व्यवस्थित गरिएको छ। संविधानले लोक सेवा आयोगको काम कर्तव्य र अधिकारमा निजामती सेवाका लागि उपयुक्त उम्मेदवार छनोट गर्नु, सुरक्षा निकाय र सङ्गठित संस्थाको लागि पदपूर्ति गर्नु, सुरक्षा निकाय र अन्य संघीय सर कारी सेवाका पदमा बढुवा गर्दा परामर्श दिनु, सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्त सम्बन्धी कानुन र बढुवा एव विभागीय कारवाहीका सम्बन्धमा परामर्श दिनु, निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना नियुक्ति गर्न नपाइने स्पष्ट व्यवस्था गरिएको छ। आयोगको  संघीय निजामती सेवा सेवा सर्त सम्बन्धी कानुन तर्जुमा, संघीय निजामती सेवाका पदमा नियुक्ति बढुवा र विभागीय कारबाहीको विषय, कुनै संघीय निजामती सेवाबाट अर्को सेवामा सरूवा बढुवा एवं संघीय निजामती सेवाबाट प्रदेश सेवा वा प्रदेश सेवाबाट संघमा सेवा परिवर्तन गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श लिनुपर्ने स्पष्ट संवैधानिक व्यवस्था गरिएको छ। निजामती सेवाका कर्मचारीलाई विभागीय कारबाहीका सम्बन्धमा र आयोगले परामर्श लिनु नपर्ने पदमा बहाल भएको कर्मचारीलाई पर ामर्श चाहिने पदमा सरूवा बढुवा गर्दा पनि अनिवार्य आयोगको सैद्धान्तिक सहमति आवश्यक छ।

संवैधानिक परिषद्को सिफारिसमा आयोगको अध्यक्ष र सदस्य संसदीय सार्वजनिक सुनुवाइ पछि राष्ट्रपतिबाट नियुक्ति गर्ने व्यवस्था रहेको छ र संसदको दुई तिहाइ बहुमतबाट महाअभियोग पारित भए पदबाट स्वतः हट्नु पर्ने व्यवस्था गरिएको छ। प्रदेश तहमा लोक सेवा आयोग रहने व्यवस्था संविधानले गरेको छ। न्याय सेवाको हकमा न्याय सेवा आयोगको क्षेत्राधिकार भएकोले सोही बमोजिम हुने व्यवस्था छ। आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र प्रधानमन्त्री मार्फत संसदमा पठाउने व्यवस्था छ।

लोक सेवा आयोगको काम कर्तव्य र अधिकारका लागि लोक सेवा आयोग ऐनले  व्यवस्थित गर्न खोजेको छ। आयोगको काम कर्तव्य र अधिकारका लागि नियमावली, कार्यविधि, र निर्देशिकाले अझ बढी प्रभावकारी बनाएको छ।

### कार्य प्रभावकारिता

निजामती सेवा लगायतका सरकारी सेवाका लागि निष्पक्ष रूपमा कर्मचारी छनोट गर्ने र कर्मचारीका सेवा सर्तका कानुन तर्जुमा पेशागत स्थायित्वका लागि स्पष्ट परामर्श दिने एवं  बढुवाका सम्बन्धमा प्रभावकारिता ल्याउने विषयमा लोक सेवा आयोग कटिबद्ध नै छ। आयोगले राष्ट्र सेवामा समर्पित हुन चाहने युवा पुस्ताको विश्वास जितेको छ। लगनशील भइ अध्ययन गर्ने र भन सुन एवं चाकडीमा विश्वास नगर्ने जमातको भरोसा बनेको छ लोक सेवा आयोग। विज्ञ समूहको सहभागितामा स्वच्छ परीक्षा सञ्चालन गरी उपयुक्त उम्मेदवार चयन गर्ने सिलसिलामा गुनासो न्यून भएको पाइन्छ। परीक्षाका विभिन्न चरणमा प्राविधिक पक्ष र  गोप्यता एवं समय तालिकाको कार्यान्वयनमा लोक सेवा आयोग सक्षम देखिन्छ। दूर दराजका पढेलेखेका जनशक्तिको आशा र भरोसालाई निष्पक्षताको वातावरण बनाउन कटिबद्ध भइ योग्यता प्रणालीलाई जोड दिएको छ। आजको विद्युतीय युगमा परीक्षार्थीको विवरण सहितको निवेदन, परीक्षाको व्यवस्थापन र कम समय र लागतमा योग्य व्यक्तिको छनोट गर्न आयोगले सुधारका कामहरू गर्दै आएको छ। सङ्गठित संस्था र सुरक्षा निकायमा समेत आयोगको उपस्थितिले निष्पक्षता जोड दिएको र जन विश्वास बढेको छ।

### आयोगका चुनौती

लामो समय सम्म जनताको विश्वास जितेको त्यसको निरन्तरताका लागि विभिन्न समस्या र चुनौतीहरू देखिन्छन्। आयोगले प्रखर व्यक्तिलाई भर्ना गर्न सकेको छैन। यो आयोगको पहिलो चुनौती हो। प्रखर युवा पुस्ता विदेश पलायन भए भन्ने गुनासो बढ्दो छ। आयोगको नकारात्मक भर्ना पद्धतिमा सुधार गर्न आयोगले धेरै गर्न आवश्यक छ। आयोगले सबै काम आफै गर्न सक्दैन बाहिरको विज्ञको सेवा लिनु पर्छ। यसरी सेवा लिँदा कहिले कहीँ विवाद देखिनु आयोगको दोस्रो चुनौती हो। परीक्षा र अन्तरवार्ताका कार्यक्रम तय भए पछि स्थगित गर्न परेको दुर्लभ घटनाले आयोगको प्रतिष्ठामा चुनौती देखिएको छ। राज्यको सेवा प्रणालीमा आएका परिवर्तनलाई भर्ना छनोटमा समेट्न नसक्नु तेस्रो चुनौतीको रूपमा रहेको छ। चौथो चुनौतीमा विद्युतीय सेवा प्रणाली, सूचना प्रविधिको उपयोग र कृत्रिम बौद्धिकताका विषयमा आयोगको परीक्षा प्रणालीमा पूर्णता दिन सकिएको छैन। पाचौं चुनौती आजको अवस्थामा स्थायी नियुक्ति सँगै करार वा निश्चित समयको सेवा लिने प्रणालीबाट सार्वजनिक सेवा प्रभावकारी बनाउन आयोगले जनशक्ति व्यवस्थापनमा फरक अवधारणा ल्याउन नीतिगत सुधार गर्न पहल गर्नु पर्ने हुन्छ। आयोगले दिनुपर्ने परामर्शको कार्यान्वयन पक्ष कमजोर देखिएको छ। आयोगले समग्र पक्षमा सुधार गर्न ध्यान दिन आवश्यक छ।

### आयोगको सुधारका लागि सुझाव

लोक सेवा आयोगले आर्जन गरेको विश्वासलाई  राम्रो सफलताको रूपमा हेर्नुपर्छ। समावेशी शासन पद्धतिमा आयोगले सबैबर्ग समुदायको हितमा काम गर्दै आएको छ। आयोगको गठन ,काम कर्तव्य र अधिकार सहित आफूले गरेका वार्षिक कार्यक्रमको सार्वजनिकीकरण र नागरिकको सुझाव र सुधारमा आयोगले निरन्तरता दिनु पर्दछ। आयोगले सर्वप्रथम सकारात्मक भर्ना पद्धतिमा जोड दिन आवश्यक छ। प्रखर र योग्य व्यक्ति विदेश पलायन हुने स्वदेशमा अवसरको सम्भावना नदेख्ने र योग्य व्यक्तिको अभावमा सेवा प्रवाहमा कमजोर अवस्था रहने  प्रवृत्तिको सुधार गर्न आयोगले सकारात्मक भर्ना पद्धतिको सुरूवात गर्न पर्ने देखिन्छ। दोस्रो आयोगले लिने परीक्षा पद्धतिलाई अझ वैज्ञानिक बनाउनु पर्दछ।

पाठ्यक्रम, प्रश्नावली, परीक्षा पद्धति, मूल्यांकंन र अन्तरवार्ताका चरणमा

*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
२०८१ भाद्र ०३ गते सोमबार, 19 Aug., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# थरिथरीका हुन्छन् अभिभावक, तपाई कुन श्रेणीमा ?

एउटा प्रचलित कथा यस्तो छ ।

एक व्यक्तिलाई चोरीको आरोपमा कठोर सजाय दिइने भयो । यो खबर सुनेर उनकी आमा रुँदै छोरो भेट्न आइन् । छोरोले गम्भीर हुँदै भने, 'आमा म तपाईंसँग केही भन्न चाहन्छु ।'

जसै आमा नजिक पुगिन्, छोरोले उनको कान टोकिदिए । आमा स्तब्ध भइन् । छोराले किन यस्तो गरे ? उनले भेउ पाइनन् । तब छोरोले बिलौना गर्दै भने, 'हिजो मैले सियो चोरेर ल्याउँदा तपाईंले खुसीसाथ लुकाउनुभयो । मलाई यो खराब काम होइन भन्ने लाग्यो र मैले अरू पनि चोरी गर्न थालें । त्यसबेला तपाईंले यो गलत हो भनिदिएको भए आज मेरो हालत यस्तो हुँदैनथ्यो । त्यसैले आज म जुन दण्ड भोग्दैछु, त्यसको भागीदार तपाईं पनि हो ।'

*****

*एउटा सत्य कथा यस्तो छ ।*

शृंखलाबद्ध हत्या र ठगीमा कुख्यात नाम हो, चार्ल्स शोभराज । उनले जीवनमा २० जना निर्दोषको क्रूरतापूर्वक हत्या गरे । तर कहिल्यै त्यसमा पछुतो गरेनन् । बरू आफ्नो कृत्यलाई ढाकछोप गर्दै एकपछि अर्को अपराधको तानाबाना बुनिरहे ।

शोभराज किन यति क्रूर र कठोर भए ? यसको पछाडि उनको बाल्यकालको दूरावस्थालाई जोडेर हेर्ने गरिन्छ । उनी जुन आमाबुवाबाट जन्मिए, उनीहरूबीच विवाह भएको थिएन । त्यसैले चार्ल्सका बुवाले आमालाई कहिल्यै श्रीमतीको रूपमा स्वीकार गरेनन् । अन्ततः उनकी आमाले दोस्रो विवाह गरे । त्यहाँ पनि उनकी आमाले सधैं अपमान र अत्याचार खेप्नुपर्‍यो । यसले चार्ल्सको कलिलो मस्तिष्कमा नराम्ररी आघात पुग्यो । उनी सधैं चिन्ता र बेचैनीमा दिन गुजार्न बाध्य भए । यसले उनमा एक किसिमको मनोविकार पैदा गर्‍यो । नतिजा, किशोरावस्थामा पुग्दा नपुग्दै ऊ अपराधको संसारमा हेलिए ।

*****

यी दुई फरक दृष्टान्तको मियो भने एउटै छ, अभिभावकत्व ।

बालबालिकाले सही मार्गदर्शन र संस्कार नपाउँदा त्यसको नतिजा कति भयानक हुनसक्छ ? तपाईं–हामीले देखेका छौं । सुनेका छौं । कतिले भोगेका छौं । त्यसो भए आमाबुवाले नै आफ्ना छोराछोरीलाई खराब बनाउँछन् ? सुन्दा एकदमै तीतो लागेपनि यसको जवाफ 'हो' भन्ने आउँछ । तर यससँगै अर्को सत्य पनि भुल्नु हुँदैन । त्यो के हो भने दुनियाँमा यस्ता कुनै बुवाआमा हुँदैनन्, जसले आफ्नो छोराछोरी 'खराब' होस् भन्ने चाहन्छन् ।

आमाबुवा नै त्यस्ता व्यक्ति हुन्, जसले छोराछोरीलाई आफूभन्दा ठूलो, असल र राम्रो भएको देख्न चाहन्छन् । त्यसो भए कसरी सबै छोराछोरी आमाबुवाको सदीक्षा अनुरूप 'असल' हुँदैनन् ? यसमा हाम्रो अभिभावकत्व सबैभन्दा बढी जिम्मेवार हुन्छ । कुनै पनि बालबालिका गर्भमा दोष लिएर जन्मिंदैनन् । तर जन्मिसकेपछि उनीहरूले कस्तो स्याहारसुसार पाउँछन् ? कस्तो संस्कार पाउँछन् ? कस्तो मार्गदर्शन पाउँछन् ? कस्तो संगत पाउँछन् ? त्यही अनुरूप उनीहरूको मनोविज्ञान विकास हुनपुग्छ । उनीहरूले देख्ने, सुन्ने, भोग्ने कुराले नै उनीहरूको सोच्ने र काम गर्ने शैली तय गरिदिन्छ । उनीहरूले के सोच्छन् ? कसरी सोच्छन् ? के गर्छन् ? भन्ने कुराको जग उनीहरू कसरी हुर्किएका थिए भन्ने कुरामा निर्भर रहन्छ ।

यसर्थ कुनै पनि बालबालिका असल वा खराब हुनुको मुलभूत कारण हो, अभिभावकत्व ।

बालबालिकाको कोणबाट हेर्दा अभिभावकहरू कस्ता हुन्छन् ? उनीहरूको प्रवृत्ति र तौरतरिका कस्ता हुन्छन् ? यी प्रश्नहरूको खोजमा लामो समय बिताएकी थिइन्, डायना ब्लमबर्ग बाउमरिन्डले । अमेरिकी क्लिनिक र विकासात्मक मनोवैज्ञानिक डायनाले वर्षौंअघि जुन खोज गरेर त्यसको निचोड निकालिन्, त्यो आजसम्म उत्तिकै सान्दर्भिक देखिन्छ ।

उनको निष्कर्ष थियो, अभिभावक चार किसिमको हुन्छन् । एक, अधिनायकवादी अभिभावक । दुई, उदार अभिभावक । तीन, बेपर्वाह अभिभावक । चार, आधिकारिक अभिभावक । यी चार किसिमका अभिभावकको मूल स्वभाव कस्तो हो ? उनीहरूले कसरी आफ्ना बालबालिका हुर्काउँछन् ? त्यसरी हुर्काएका बालकालिकामा कस्तो आनीबानी विकास हुन्छ ?

यी प्रश्नसँगै जोडिएन आउने अर्को रोचक प्रश्न हो, यसमध्ये तपाईं कुन श्रेणीमा पर्नुहुन्छ ?

### अधिनायक अभिभावक

यस श्रेणीका आमाबुवाले बालबालिकालाई कडा अनुशासनमा राख्ने गर्छन् । उनीहरूको निर्देशन र निगरानीमा बालबालिका हुर्किन्छन् । उनीहरूले जे भन्छन्, बालबालिकाले त्यही गर्नुपर्छ । बालबालिकाले पढ्ने, खेल्ने, सुत्ने, बस्ने, हिंड्नेदेखि लगाउने, खाने कुरामा पनि उनीहरू आफ्नो मर्जीअनुसार गराउन चाहन्छन् । बालबालिकाले आफ्नो निर्देशन उल्लंघन गरेमा गाली गर्ने, कुटपिट गर्ने हुन्छन् । त्यस्तै कति गल्तीमा सजिलै माफी दिंदैनन् ।

### यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?

यसरी हुर्किएका बालबालिका कम आत्मनिर्भर हुन्छन् । उनीहरूमा डराउने र आत्तिने स्वभाव विकास हुन्छ । आत्मग्लानिले गर्दा खुलेर आफूलाई व्यक्त गर्न सक्दैनन् । आफ्नो रूचि, इच्छाहरू पहिल्याउन असमर्थ हुन्छन् । साथीभाइसँग घुलमिल हुने, नेतृत्व गर्ने कुरामा पछाडि पर्छन् ।

### उदार अभिभावक

यस श्रेणीका अभिभावक आफ्ना बालबालिकाको मर्जीलाई सर्वोपरी ठान्छन् । बालबालिकालाई 'तिमी नै सर्वेसर्वा हौ' भन्ने आशयले व्यवहार गर्छन् । मायालु र नरम हुन्छन् । कहिलै गाली गर्दैनन् । बालबालिकाको हरेक आवश्यकता पूरा गरिदिने प्रयत्न गर्छन् । बालबालिकाले गरेको कुनै पनि गल्तीलाई गल्ती मान्दैनन् । वा त्यसलाई सामन्य मान्छन् र छुट दिन्छन् । आफ्नो अपेक्षा वा बाध्यता बालबालिकालाई सुनाउँदैनन् । दुःख वा अभाव सहेर पनि बालबालिकालाई सुखी र खुसी राख्न चाहन्छन् ।

### यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?

यसरी हुर्केका बालबालिका माया र प्रेमले पुलपुलिका हुन्छन् । उनीहरूले आमाबुवालाई आफ्नो नियन्त्रणमा राख्न खोज्छन् । आफ्नो गल्ती वा कमजोरी पहिल्याउन सक्दैनन् । त्यही कारण गल्ती दोहोर्‍याइरहन्छन् ।

### बेपर्वाह अभिभावक

यस श्रेणीका अभिभावकलाई आफ्नो बालबालिकाप्रति उति धेरै चासो र चिन्ता हुँदैन । उनीहरूले बालबालिकाको काम–व्यवहारमा त्यति प्रतिक्रिया दिंदैनन् । न त समर्थन नै जनाउँछन् । बालबालिकाले के गरिरहेका छन् ? पढाइ कस्तो छ ? नतिजा के आयो ? कहाँ घुम्न जान्छ ? कस्तो संगत छ ? कुनै सरोकार राख्दैनन् । बालबालिकालाई खुला र स्वतन्त्र छाडिदिन्छन् ।

### यसरी हुर्केका बालबालिका कस्ता हुन्छन् ?

हेरचाहको कमीले गर्दा उनीहरूको सामाजिक विकास कमजोर हुन्छ । अभिभावकप्रति विश्वास र भरोसा गर्दैनन् । कुनै पनि कुरा आफ्नै अनुभव वा भोगाइबाट मात्र सिक्ने भएकाले व्यावहारिक परिपक्वता आउन समय लाग्छ । के ठीक वा के गलत भनी उनीहरू गम्भीरतापूर्वक सोच्दैनन् । आफ्नो रूचिअनुसार जे मन लाग्छ, त्यही निर्णय लिन्छन् ।

### आधिकारिक अभिभावक

यस श्रेणीका अभिभावकले आफ्ना बालबालिकालाई स्वतन्त्रता दिन्छन् तर निश्चित सीमामा राख्छन् पनि । व्यावहारिक रूपमा अनुशासित र भित्री रूपमा दयालु हुन्छन् । बालबालिका के चाहन्छन् भन्दा पनि के आवश्यकता छ भन्ने कुरालाई ध्यान दिन्छन् । बालबालिकाको आवश्यकता पूरा गरि दिन्छन् र नचाहिने कुरामा कडाइका साथ नियन्त्रण गर्छन् ।

### यसरी हुर्किएका बालबालिका कस्ता हुन्छन् ?

यसरी हुर्किएका बालबालिका संस्कारी र सभ्य हुन्छन् । उनीहरू आफूलाई खुला महसुस गर्छन् तर खराब कुराप्रति उत्तिकै सचेत र सतर्क पनि र हन्छन् । साथीभाइसँग घुलमिल हुने, सामाजिक कार्यहरूमा सरिक हुने, सबैसँग सुमधुर सम्बन्ध कायम राख्ने खालका हुन्छन् ।

## जनशक्ति आपूर्तिमा... . . .

विद्युतीय प्रणालीको उपयोग गरी चाँडो र निष्पक्ष छनोट हुने व्यवस्थामा जोड दिने र प्रविधिको उपयोग गर्ने विषयमा ध्यान जानु पर्छ । तेस्रोमा आयोगले राज्यको जनशक्तिको बदलिँदो आवश्यकताको लागि सुधार गर्न जोड दिनु पर्ने देखिन्छ । प्रविधिको विकास सँगै नयाँपनको प्रभावलाई सेवा प्रवाह सँग जोड्ने जनशक्तिको आपूर्ति गर्ने र युवा पुस्तालाई राष्ट्र सेवामा अभिप्रेरित गर्न आयोगले माहोल सृजना गरी व्यवसायको प्रवर्द्धन एवं जनजीविका सहजीकरण गर्ने जनशक्ति पूर्ति गर्नु पर्छ । चौथो विश्व परिवेशलाई आत्मसाथ गरी स्थायी जागिर भन्दा पनि चलायमान जागिरको प्रयोग भएकोले समय र कार्य योजना सहित कार्य सम्पादन प्रभावकारिताको प्रस्तावका आधारमा जनशक्ति चयन गर्न तर्फ आयोगले कार्यदिशा तय गर्नु पर्छ । पाचौं आयोगले दिने परामर्श र सैद्धान्तिक सहमतिका विषय विवाद र हित हुनु पर्ने र कार्यान्वयन गर्ने निकायले अक्षरश पालना गराउनु पर्दछ । कर्मचारीको वृत्ति विकासमा आयोगले सकारात्मक भइ अभिभावकत्व निर्वाह गर्नुपर्छ । विश्व परिवेश र हाम्रो आवश्यकतासँग संयोजन हुने गरी आयोगले आफूलाई अब्बल अवस्थामा राख्नु पर्ने देखिन्छ ।

### निष्कर्ष

सरकारी सेवामा आकर्षण बढाउनु र युवा पुस्तालाई स्वदेशमै ज्ञान सीपको उपयोग गर्न लोक सेवा आयोगले कार्य योजना सहित काम गर्न आवश्यक छ । राज्यका सेवा प्रवाह प्रभावकारी बनाउन उपयुक्त जनशक्ति छनोट गर्न भर्नामा सबैको पहुँच बढाउने र आयोगले योग्यता प्रणालीको संरक्षण गरी निष्पक्षतामा जोड दिने काममा लाग्नु पर्छ । जनविश्वासमा ह्रास आउन नदिन काम कार्यको मूल्याङ्कन र सुधार गर्दै जाने एवं आधुनिकताको प्रयोग गरी प्रखर व्यक्तिलाई स्वदेशमै उपयोग गर्न आयोगले मार्गचित्र बनाइ अगाडि बढ्नु पर्छ ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# श्रीमतीको हत्या आरोपमा श्रीमान पक्राउ

◆ विकास संवाददाता

श्रीमतीको हत्या गरेको आरोपमा एक युवक (श्रीमान) पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुर कैलाश गाउँपालिका-५ कालीखोलास्थित काफलडाँडा बस्ने २६ वर्षीय मंगलबहादुर पाखिन रहेका छन् ।

२८ गते साँझको समयमा पाखिनले आफ्नै श्रीमती २० वर्षीया लक्ष्मी पाखिनको हत्या गरी कालीखोलास्थित सामुदायिक बनमा गाडेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीको अनुसार श्रीमती लक्ष्मी पाखिनलाई आफ्नै घरभित्र धारिलो हतियार बन्चरो प्रहार गरी शवलाई ११ वटा टुक्रा पारी दुईवटा बोरामा हालेर कालीखोलास्थित सामुदायिक वनमा खाल्डो खनी गाडेको श्रीमतीका कपडाहरू लास गाडेको स्थान भन्दा केही अगाडि बोरामा हाली खाल्डो खनी गाडेको अवस्थामा फेला परेको हो ।

घनामा प्रयोग भएको धारिलो हतियार बन्चरोको बिड फुकाली घर भन्दा पूर्वतर्फ खाल्डो खनी गाडेको भनि प्रारम्भिक अनुसन्धानमा खुल्न आएको प्रहरीले जनाएको छ ।

मृतकको गाडेको शव, घटनामा प्रयोग भएको हतियार बन्चरो र कपडाहरू समेत खाल्डोबाट निकाली पाखिनलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । पक्राउ परेका उनीमाथि मकवानपुर जिल्ला अदालत हेटौंडाबाट १० दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य भईरहेको छ ।

# सेयर अभिमूखीकरण सञ्चालन गरिने

◆ विकास संवाददाता

सेयर बजारमा आकर्षण बढ्दै गएपछि थाहानगरमा सेयर बजार सम्बन्धी तालिम प्रदान गरिने भएको छ । लियो क्लब अफ पिस थाहानगरले १ दिने सेयर अभिमूखीकरण सञ्चालन गर्ने भएको हो । २६ साउनमा क्लबका अध्यक्ष शिशिरकुमार खत्रीको अध्यक्षतामा बसेको बैठकले आगामी २२ भदौमा थाहानगरमा शेयर अभिमूखीकरण सञ्चालन गर्ने निर्णय गरेको हो ।

शेयर तालिमको नेपाली सेयर बजारका विज्ञ सुवासचन्द्र भट्टराइले सहजिकरण गर्ने क्लवका सचिव अजय कार्कीले बताए । भट्टराई लामो समयदेखि नेपालको सेयर बजारमा सक्रिय छन् । उनको अनुभव नयाँ लगानीकर्ताको लागि उत्प्रेरणा हुने सचिव कार्कीले बताए । तालिममा १ सय जना भन्दा बढीको सहभागिता हुने क्लवले अनुमान गरेको छ । शेयर बजारमा नवप्रवेशी र लागानी गरिरहेको ब्यक्तिलाई सेयर कारोवारका बारेमा जानकारी गराउनको लागि तालिमको आयोजना गर्न लागिएको क्लवका पूर्वअध्यक्ष कमल बिष्टले जानकारी दिए ।

सेयर बजारमा लगानी गर्नुपूर्व बजार, कम्पनी लगायतको बारेमा बुझेर लगानी गर्दा प्रतिफल राम्रो हुने भएकोले सेयर बजारमा नयाँ लगानीकर्तालाई प्रोत्साहन गर्न तालिमको आयोजना गर्न लागेको अध्यक्ष खत्रीले बताए । उनले तालिममा सहभागिताको लागि ईच्छुक व्यक्तिलाई नाम दर्ता गराउनको लागि अनुरोध गरेका छन् ।

# नेपाल तमु विद्यार्थी छोंज धींको अध्यक्षमा दिनेश तमु

◆ विकास संवाददाता

नेपाल तमु विद्यार्थी छोंज धीं जिल्ला समिति मकवानपुरको दोश्रो जिल्ला अधिवेशन थाहा नगरपालिकाको साहारा रिसोर्टमा भएको छ। सम्पुर्ण तमु (गुरूङ) विद्यार्थी एकजुट हौं, गुरूङहरूको भाषा, धर्म कला र सस्कृती संरक्षण अभियानमा सरिक हौं भन्ने नाराका साथ ३१ साउनमा अधिवेशन गरिएको हो ।

नेपाल तमु विद्यार्थीका केन्द्रिय अध्यक्ष विश्वराज तमुको प्रमुख आतिथ्यतामा भएको अधिवेशनको विशिष्ट अतिथी थाहा नगरका उपप्रमुख भरत गोपाली र थाहा ५ का वडा अध्यक्ष बिष्णु बहादुर गुरूङ रहेका थिए । अधिवेशनको प्रमुख अतिथी तथा अतिथिहरूले संयुक्त रूपमा उद्घाटन गरेका थिए । मकवानपुर जिल्ला संयोजक दिनेश गुरूङको अध्यक्षतामा सम्पन्न अधिवेशनमा थाहा नगरका उपप्रमुख भरत गोपालीले गुरूङ समुदायको कला, संस्कृती, भेषभुषा, भाषा संरक्षणमा थाहा नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

प्रमुख अतिथी तमु विद्यार्थीको केन्द्रिय अध्यक्ष बिश्वराज तमुले गुरूङ जातीको भाषा संस्कृति, धर्म संस्कार र लिपि जोगाउनु आवश्यक रहेको बताउदै संरक्षणको लागि पुस्तान्तरण हुनुपर्नेमा जोड दिनुहुदै बागमती प्रदेशमा गुरूङहरूमा भाषाको समस्या रहेको बताए । अधिवेशनले दिनेश तमुको अध्यक्षतामा २३ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छासमितिको उपाध्यक्षमा रोजिना गुरूङ, सचिव निता गुरूङ, कोषाध्यक्ष सुस्मिता गुरूङ, सहसचिवमा प्रमिसा गुरूङ रहेको २३ सदस्यीय जिल्ला समिति गठन गरेको छ । समितिको सदस्यहरूमा अन्जु गुरूङ, ममता गुरूङ, शुसान्त गुरूङ, चन्चली गुरूङ, स्वीकृति गुरूङ, रोनिका गुरूङ, आशिका गुरूङ, सुजित गुरूङ (क) दिलिप गुरूङ, शिशिर गुरूङ, सिर्जना गुरूङ, सबिन गुरूङ, पुजन गुरूङ, शिशिर गुरूङ र एलिजा तमुस्यो रहेका छन् ।



समितिमा शैक्षिक विभागमा सुस्मिता गुरूङ, प्रचार बिभाग प्रमुखमा संजित गुरूङ, शिरीष गुरूङ संगठन विभाग प्रमुखको जिम्मा दिएको छ । अधिवेशनलाई प्रमुख अतिथि ,बिशिस्ट अतिथीलगायत तमु विद्यार्थीका केन्द्रिय महासचिव पवन गुरूङ, केन्द्रिय संगठनका उपाध्यक्ष युवराज गुरूङ, तमु विद्यार्थी बागमती प्रदेश अध्यक्ष अनिल गुरूङ, केन्द्रिय सदस्य सबिन तमु, तमु विद्यार्थी केन्द्रिय प्रचारप्रसार विभाग संयोजक बिष्णुराज गुरूङ,गुरूङ परिषद ह्युला मकवानपुरका अध्यक्ष केशर बहादुर गुरूङ, गुरूङ तमु ह्युला इकाई समिती फुर्केका अध्यक्ष सानुकान्छा गुरूङले अधिवेशन सफलताको शुभकामना दिएका थिए ।




# अरिंगालले चिलेर इन्द्रसरोवरका गोलेको मृत्यु

◆ विकास संवाददाता

मकवानपुरमा अरिंगालले चिलेर एक युवकको मृत्यु भएको छ । मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिका-५ छापडाँडाका ३२ बर्षीय सुमन गोलेको बिहीवार बिहान मृत्यु भएको हो ।

घरदेखि १ किमि दक्षिणको बारीमा काम गर्ने क्रममा बुधबार एक दर्जन भन्दा बढी अरिंगालले टोकेर गोले घाइते भएका थिए ।

घाइते गोलेलाई उपचारका लागि मनमोहन स्मृति सामुदायिक अस्पताल फर्पिङ लगिएको थियो । उपचारकै क्रममा बिहीबार बिहान उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

**थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।**

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपलिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुगघर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर






समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहानगरमा पोषण समीक्षा

◆ विकास संवाददाता



थाहा नगरपालिका स्वास्थ्य शाखको आयोजनामा पोषण कार्यक्रम बारे पालिकास्तरीय दुई दिने वार्षिक समीक्षा कार्यक्रम ३२ साउनमा सम्पन्न भएको छ । कार्यक्रममा आर्थिक वर्ष २०८०/०८१ मा थाहा नगरपालिकामा सम्पन्न पोषण कार्यक्रमको नगरस्तरीय वार्षिक समिक्षा गरिएको हो ।

कुपोषणको वर्गीकरण, बालबालिकामा पोषणको अवस्था, कुपोषणका कारण नेपालमा बाल मृत्युदर, पोषणको अवस्था सुधार गर्न थाहा नगरमा भएका पहलहरू, पोषण बारे दिर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरू, नगरपालिकास्तरीय पोषण समीतीको काम, कर्तब्य र अधिकार लगाएतका बारेमा जानकारी गराइएको थियो ।

समीक्षा कार्यक्रममा आर्थिक वर्ष २०८०/०८१ मा थाहा नगरपालिका भित्र जन्मेका शिशुहरूको वृद्धि अनुगमन ०-२३ महिना सम्मको ८५ प्रतिशत र हेको छ भने जन्मेदेखी ६ महिना सम्म पुर्ण स्तनपान गराउने ९० प्रतिशत रहेको पाइएको छ । त्यसैगरी ६-८ महिनादेखि थप खाना खुवाएको बच्चा ८२ प्रतिशत रहेको समिक्षामा प्रस्तुत गरिएको थियो । थाहा नगरपालिकामा २०८० कार्तिक पहिलो साता खुवाइएको भिटामिन ए कार्यक्रम ११३ प्रतिशत दोस्रो चरणको भिटामिन ए २०८१ बैशाखमा ११० प्रतिशत, पहिलो चरण जुकाको औषधि ११४ प्रतिशत र दोस्रो चरणको जुकाको औषधि ११२ प्रतिशत,प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराएको गर्भवतीको संख्या ४३.७ प्रतिशत र प्रसुती पश्चात् सुत्केरी जाँच गराउनेको ४६ प्रतिशत रहेका छन ।

नगरपालिकामा १० देखि १९ बर्षका ३१ सय २ किशोरी हरूलाइ आइरन चक्की वितरण गरिएको समिक्षा कार्यक्रममा जानकारी दिइएको थियो । सुआहाराले प्रवद्धन गरेका दश मुख्य ब्यवहारहरू, सुआहारा कार्यक्रमका आगामि योजनाहरू, पोषण सम्बन्धि सुचकहरूको अभिलेख एंव प्रतीवेदनको गुणस्तरको सुधार तथा चुनौतीहरू लगाएतका बारेमा जानकारी गराइएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले बताए। समीक्षा कार्यक्रममा थाहा नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी हरूको उपस्थिती रहेको थियो ।


ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।


# अनेमसंघ थाहाको अधिवेशन भदौ २९ गते हुने




◆ विकास संवाददाता

नेकपा एमाले निकट अखिल नेपाल महिला संघ (अनेमसंघ) थाहा नगर कमिटीको अधिवेशन भदौ २९ गते हुने भएको छ ।

साउन २९ गते बसेको नगर अधिवेशन आयोजक कमिटीको बैठकले अधिवेशनको मिति तय गरेको हो । नगर संयोजक यशोदा अधिकारीको अध्यक्षता तथा नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य एवम् अनेमसंघ मकवानपुर अध्यक्ष सुमित्रा काफ्लेको प्रमुख आतिथ्यतामा भएको हो ।

अधिवेशनले संयोजक अधिकारी, सचिव जानकी श्रेष्ठ, कल्पना लामिछाने, मेनुका ढकाल, अनिता कार्की, गङ्गा घले, शारदा कार्की, बालकुमारी गोपाली, सानुमैया विक, सोममाया बल, निशा दोङलगायत सम्मिलित सचिवालय कमिटी गठन गरेको छ । बैठकले आर्थिक कमिटी, अतिथि सत्कार, हल तथा साउन्ड सिस्टम, खाजा तथा पानी व्यवस्थापन र प्रचार प्रसार उपसमितिहरू गठन गरेको छ । अधिवेशनका लागि वडा अधिवेशन गर्न बाकी वडाहरूको भदौ १५ गतेभित्र अधिवेशन सम्पन्न गर्ने निर्णय समेत गरेको छ । बैठकमा एमाले जिल्ला कमिटी सदस्य तथा थाहा नगर ईञ्चार्ज बिमल कुमार ढकाल, नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, अनेमसंघ जिल्ला सचिव सुशिला मल्ल, जिल्ला सदस्य शान्ता रिमाल लगायतको आतिथ्यता थियो ।

# उच्च शिक्षाका लागि पालुङ क्यमाम्पस केन्द्रित हुन आग्रह



◆ विकास संवाददाता

थाहा नगरपालिका शिक्षा शाखाको सहयोग तथा पालुङ क्याम्पसको आयोजनामा विश्वविद्यालय शिक्षा, आजको आवश्यक्ता विषयक अभिमूखीकरण कार्यक्रम भएको छ । क्याम्पसको सभाहलमा २९ श्रावणमा थाहा नगरपालिका प्रमुख तथा पालुङ क्याम्पस सञ्चालक समिति अध्यक्ष विष्णु विष्टको प्रमुख आतिथ्यता कार्यक्रम भएको हो ।

कार्यक्रमा थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण गिरी, शिक्षा शाखा प्रमुख माधवबिक्रम मल्ल, शिक्षा शाखा अधिकृत सुर्य थिङ, जनकल्याण प्राविधिक तथा साधारण मा.विका अध्यक्ष तथा क्याम्पस सञ्चालक समिति सदस्य राजिब कुमार स्याङतान, पालुङ क्याम्पसका सस्थापक अध्यक्ष तथा जनकल्याण मा.वि.का प्रधानाध्यापक सानोभाइ कार्की, पालुङ क्याम्पसका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, कोषाध्यक्ष विमल कुमार ढकाल, सदस्य सुदर्शन कार्की, बागेश्वरी मा.वि.का शिक्षक प्रतिनिधि महेन्द्र थापा मगरको आतिथ्यता रहेको थियो ।

पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्रले स्वागत गरेका थिए । सो अवसरमा थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत अधिकृत कृष्ण गिरीले विश्व विद्यालय शिक्षाको महत्व र सामुदायिक क्याम्पसले शिक्षा क्षेत्रमा खेलेको भुमिका प्रष्ट पार्दै सार्वजनिक पदको परीक्षामा कसरी पास गर्ने भन्ने विषयहरूको प्रस्तुतिकरण गरेका थिए । जनकल्याण माबिका व्यवस्थापन समिति अध्यक्ष राजिब स्याङतानले हतार गरेर आफ्ना छोरा छोरीलाइ काठमाडौ हेटौडा पढ्न पठाउदा आर्थिक संकट परेर विचमै पढाइ छोड्नु परेको यथार्थ सुनाए । अध्यक्ष स्याङ्तानले आफ्ना छोराछोरी कुलतमा फस्न सक्ने सम्भावना रहनु, जस्तो सुकै जागिर खान पर्ने वाध्यताले पढाइलाई निरन्तरता दिन नसकेका थुपै घटना प्रस्तुत गदै आफ्नै गाउँ ठाउँमा रहेको क्याम्पसमा पढ्न पालुङ क्याम्पस उपयुक्त रहेको प्रष्ट पारे ।

क्याम्पसका संस्थापक अध्यक्ष सानोभाई कार्कीले पालुङ क्याम्पस उच्च शिक्षाबाट स्थानीय विद्यार्थी कुनै हालतमा पनि बञ्चित हुन नपरोस भनेर नै समुदायले स्थापना गरेको क्याम्पस भएको प्रष्ट पार्दै उनले क्याम्पस स्तरोन्नतिमा हामि सवै समुदायको महत्वपुर्ण भुमिका रहेको बताउदै यसलाई आवश्यक्ता र विद्यार्थिको माग वमोजिमको संकाय थप्दै जान पर्नेमा जोड दिए ।

कार्यक्रममा वडा नम्बरं ३ का वडा अध्यक्ष हिरेन्द्र कुमार रायमाझीले मकवानपुर जिल्लाको उत्तरीभेगमा रहेको एक मात्र विश्व विद्यालय शिक्षा प्रदान गर्ने पालुङ क्याम्पसको स्थायित्वको लागि हामि सवै एक जुट भएर अगाडी बढनु पर्ने र आवश्यक्ता बमोजिमको सहयाग आफ्नो वडाबाट सदैव रहने बताए । क्याम्पस संचालक समिती उपाध्यक्ष सुरेन्द्रमान प्रधानले आर्थिक अभावमा अभिभावकले आफ्ना छोराछोरीलाई कसरी पढाउने भनेर चिन्ता नलिन आग्रह गर्दै क्याम्पसले आवश्यक्ता बमोजिमको छात्रवृत्ति खोजेर भएपनि विद्यार्थी पढाउने विश्वास दिदै, अहिले पनि धेरै भाइ वहिनीहरूले आफ्नै गाउठाउमा बसेर उत्कृष्ट नतिजा ल्याएको उदाहरण दिदै ढुक्क भएर पालुङ क्याम्पसमै पढाउन आग्रह गरे ।

नगर प्रमुख तथा क्याम्पस अध्यक्ष बिष्णु विष्टले पालुङ क्याम्पले भौतिक पूर्वाधारमा अपेक्षा बमोजिमको सुधार गरि सकेको र नियमित क्याम्पस आएर पढने विद्यार्थीको परीक्षाको नतिजा पनि उत्कृष्टनै रहेकोले कुनै दुविधा नराखी पालुङ क्याम्पसमै भर्नाहुन जोड दिए । बिष्टले क्याम्पसको आर्थिक संकटका कारण नगरपालिकाले नै अभिावकत्व ग्रहण गरेको स्मरण गर्दै यसलाइ अझ सुधार गर्दै लैजानु नगरवासीको समेत दायित्व रहेको प्रष्ट पारे ।

उनले भने,-'पालुङ क्याम्पसले विश्वविद्यालय शिक्षा दिएर वजारको माग वमोजिमको जनशक्ति निमार्ण गरिरहेको छ र क्याम्पसले भविष्यमा अझ सुधार गर्दै जाने छ ।' कार्यक्रममा कक्षा १२ मा थाहानगरमै सबै भन्दा वढी ८७.८७ प्रतिशत विद्यार्थि उतिर्ण गराउन सफल थाहा ११ नौखण्डेमा रहेको वागेश्वरी मा.वि.लाई नगरपालिकाको तर्फवाट सम्मानपत्र सहित सम्मानित गरिएको थियो भने सम्पुर्ण १२ कक्षा उतिर्ण विद्यार्थीहरूलाई क्याम्पसको तर्फबाट सम्मान गरिएको थियो ।

सम्मानित विद्यार्थीहरूलाई नगर प्रमुख बिष्टले सम्मान पत्र प्रदान गरेका थिए ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार

AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# प्रदेश बीउबिजन हेटौंडामा दुईसय मेक्ट्रिक्टन बीउ प्रमाणीकरण

◆ विकास संवाददाता

प्रदेश बीउबिजन गुणस्तर नियन्त्रणकेन्द्र हेटौंडाले एकसय बयान्नब्बे मेक्ट्रिकटन बीउ प्रमाणीकरण गरेको छ । गत आर्थिक बर्ष २०८०/८१ मा दुईसय मेक्ट्रिक्टन बीउ प्रमाणीकरण गर्ने लक्ष्य राखेकोमा झण्डै लक्ष्य अनुसारको बीउ प्रमाणीकरण गर्न सफल भएको हो ।

एक वर्षको अवधिमा केन्द्रले धानको ८५ दशमलव ९१ मेक्ट्रिकटन, गहुँको ७४ दशमलव ७२ मेक्ट्रिक्टन र मकैको ३१ दशमलव ३७ मेक्ट्रिक्टन बीउ प्रमाणीकरण गरेको प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र बाली विकास अधिकृत एवम् सूचना अधिकारी सिर्मला योन्जनले जानकारी दिइन् । बिशेष गरेर प्रदेशका चितवन, नुवाकोट र दोलखाको मुल बीउको प्रमाणीकरण गरिएको उनले बताइन् । चितवन, धादिङ, काभ्रे, मकवानपुर, दोलखा, सिन्धुपाल्चोक र नुवाकोट, काठमाडौँ, ललितपुर, भक्तपुरमा उत्पादन भएको धान, गहुँ, मकै, तोरी, मुसुरो, कोदो, भटमास लगायतको बालीको प्रदेश बीउबिजन गुणस्तर निणन्त्रण केन्द्रले बीउ सिफारिस र प्रमाणीकरण गर्दै आएको प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र हेटौंडाका सूचना अधिकारी योन्जनले बताएकी हुन् । उनले उमार शक्ति, चिस्यान र बीउको शुद्धताको आधारमा प्रमाणीकरण गर्ने गरेको बताइन् ।

प्रदेशमा खेत अर्थात बाली निरीक्षण बढेको छ । अधिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा बाली निरीक्षण बढेको तथ्यांक छ । केन्द्रको तथ्यांक अनुसार आव २०७९/८० मा एकहजार १८५ दशमलव ७२ हेक्टरमा बाली निरीक्षण गरिएकोमा गत आवमा २०८०/८१ मा एकहजार २३३ दशमलव ८ हेक्टर क्षेत्रफलमा बाली निरीक्षण गरेको हो ।

धान ७०५ दशमलव ३१ हेक्टर, मकै ६५ दशमलव ८३ हेक्टर, गहुँ ४३८ दशमलव ६ हेक्टर, तोरी १२ दशमलव ९४ हेक्टर, पालुंगो १६ हेक्टर र कोदो ४ दशमलव ४ हेक्टर क्षेत्रफलमा गरिएको बाली निरीक्षण गरिएको हो । बीउको गुणस्तर नियन्त्रण, रोग लागेकालाई निष्कासित गर्न र उत्पादन, उमार शक्ति राम्रो भएको बीउका लागि बाली निरीक्षण गरिएको सूचना अधिकारी योन्जनको भनाई छ । केन्द्रको उन्नत बीउ उत्पादन प्रोत्साहन कार्यक्रम चार जिल्लामा सञ्चालन गरिएको थियो ।

चितवन, मकवानपुर, धादिङ र काभ्रेमा उन्नत बीउ उत्पादनमा प्रोत्साहन गर्न ५ सय ३५ दशमलव ७५ हेक्टरमा प्रोत्साहन गरिएको हो ।

# हेटौंडा खानेपानी बोर्डको आम्दानी १९ करोड १६ लाख

◆ विकास संवाददाता

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले आर्थिक वर्ष २०८०/०८१ मा १९ करोड १६ लाख रूपैयाँ आम्दानी गरेको छ । बोर्डले ग्राहकबाट पानी महशुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको हो । २०८१ असार मसान्तसम्म पानी महशुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निबेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रूपैयाँ संकलन गरेका छ ।

बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहयकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रूपैयाँ प्राप्त गरेको बोर्डका अध्यक्ष प्रताप बिष्टले बताएका छन् । बोर्डको बैंक मौज्दात २ करोड ३२ लाख रूपैयाँ रहेको छ । हेटौंडा उपमहानगरभित्रको वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ को पूरै भूभाग, वडा नं १, ३ र १७ को केही भूभाग र वडा नं. १५, १६, १८ र १९ को ७० प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगर बासीलाई दैनिक सरदर ७ देखि ८ घण्टा ३ करोड ५७ लाख लिटर खानेपानी उत्पादन गरी २७ हजार ७ सय २१ वटा धारामार्फत वितरण गरिरहेको अध्यक्ष बिष्टले जानकारी दिए ।



हेटौंडाको मुख्य नगरक्षेत्रमा बोर्डले २४ सैं घण्टा पानी वितरण गर्न सफल भएको बिष्ट बताउँछन् । नगरक्षेत्रको वडा नं. ११, १२ र १३ मा उपभोक्ता समितिबाट खानेपानीको सेवाप्रवाह हुँदै आएको छ । बोर्ड संचालनमा आएदेखि हालसम्म बोर्डमा १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्यामा बृद्धि भएको छ । हेटौंडा उपमहानगर पालिकाले नगरबासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटरसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुनेक्रम बढेको छ ।

# हेटौंडा ७ नम्बर वडा बालमैत्री घोषणा गर्ने अन्तिम तयारीमा

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका-७ नम्बर वडा कार्यालय बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अन्तिम तयारीमा रहेको छ । १ भदौमा यस वडालाई औपचारिकरूपमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । मंगलबार वडा कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा वडाध्यक्ष दामोदर गौतमले १ गते शनिवार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा बालमैत्री वडा घोषणा गरिने जानकारी दिए । वडाध्यक्ष गौतमका अनुसार नेपाल सरकारले तोकेका ५१ वटा सूचक पूरा गर्नुपर्ने थियो ।

यी सूचकमध्ये ४६ वटा सूचक शतप्रतिशत पूरा भएका छन् भने बाँकी ५ वटा सूचक आवश्यक न्यूनतम मात्रामा पूरा भएका छन् । वडाले बालमैत्री स्थानीय शासनका लागि आवश्यक सबै मापदण्ड पूरा गरेको उनले जानकारी दिए । वडाध्यक्ष गौतमले बालमैत्री स्थानीय शासन घोषणाका लागि वडाले पाँच प्रमुख क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी दिए । यी क्षेत्रमा बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकास पर्दछन् । बालसंरक्षणको क्षेत्रमा विशेष ध्यान दिइएको छ, जसमा बालविवाह, बालश्रम र बालदुर्ब्यवहार विरूद्ध अभियान चलाइएका छन् । विद्यालय र समुदायमा यी विषयमा सचेतना कार्यक्रम पनि सञ्चालन गरिएका छन् ।

वडाध्यक्ष गौतमले बालबालिकाको महत्वबारे आफ्नो दृष्टिकोण व्यक्त गर्दै भने, बालबालिकालाई भोलिका कर्णधार मात्र नभई आजैका साझेदारको रूपमा विकास गर्न हामी प्रयत्नशील छौं उनले बालमैत्री वडा घोषणापछि पनि यसको दिगोपनाका लागि निरन्तर काम गर्ने प्रतिवद्धता जनाए । वडाले २०८० वैशाख २५ गते पूर्णखोप, २०७३ भादौ ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला



दिसामुक्त वडा घोषणा गरिसकेको वडाध्यक्ष गौतमले जानकारी दिए । हेटौडा उपमहानगरको वडा नं ७ मा १८ वर्ष मुनिका १८ सय ९८ बालबालिका रहेका छन् । जसमध्ये १ हजार एक बालक र ८ सय ९७ बालिका छन् । यहाँ १० वटा बालसमूह र एक वडास्तरीय बालसञ्जाल गठन गरिएको छ, जसमा २ सय ५० जना बालबालिका आवद्ध छन् । विभिन्न संरचनागत समितिमा जम्मा २ सय ६२ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको वडाले जनाएको छ । वडाले बालबालिकाको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । यहाँ दुईवटा विद्यालयमा बालविकास केन्द्र सञ्चालनमा छन् ।

विद्यालयमा छात्र-छात्राका लागि अलग-अलग शौचालय, सेनेटरी प्याड वितरण, र खेलकुद सामग्री वितरण गरिएको छ । वडाले बालबालिकाको क्षेत्रमा यसवर्ष मात्र २७ लाख १० हजार रूपैयाँ बजेट विनियोजन गरेको वडासचिव भैरवबहादुर कुमालले बताए ।

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं !

- सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वाँस गरौं,
- सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,
- सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी